Cover the Uncovered

Intellectual Journal of Academic Research
Volume 02, Issue 01, 2024, pp. 101–110
OPEN ACCESS

Research Article

# कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज : कम्युनिस्ट घोषणापत्र

**गोविन्दप्रसाद मैनाली**

विद्यावारिधी अनुसन्धानरत, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौँ, नेपाल

CC BY NC

Intellectual Journal of Academic Research (ISSN: 3021-906X) Copyright © 2024 The Author(s): Published by Myanglung Campus Terhrathum, Nepal. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## Artical Info.

***Corresponding Author***
Govinda Prasad Mainali
PhD Scholar, Tribhuban University, Kirtipur, Kathmandu, Nepal

***E-mail***
mainaligovindaprasad@gmail.com

***Date of Submission***
April 22, 2024

***Date of Acceptance***
June 02, 2024

## Abstract (सार)

कम्युनिस्ट लिगको राजनीतिक कार्यक्रमको रूपमा रहेको कम्युनिस्ट घोषणापत्रको अध्ययन गर्नु यस आलेखको प्रमुख उद्देश्य हो । मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट लिगको राजनीतिक कार्यक्रमको रूपमा कम्युनिस्ट घोषणापत्र लेखेका थिए। यस घोषणापत्र लेखेपछि विश्व राजनीतिमा विधिवत रूपमा वैज्ञानिक समाजवादी चिन्तनको उद्भव भएको थियो । यसैलाई मिहिन, सूक्ष्म र प्रस्टसँग अध्ययन गर्नु यस आलखेको प्रमुख उद्देश्य हो। यस आलेखको अध्ययन विधि आगनात्मक विधि हो। यस आलखेको अध्ययन ढाँचा ऐतिहासिक, वर्णनात्मक र विवरणात्मक ढाँचा हो । सङ्कलन गरिएको उक्त सामाग्रीलाई गुणात्मक विश्लेषण विधि मार्फत विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ। यस आलेखको अध्ययन गर्दा कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्रलाई प्रमुख आधार मानिएको छ। यिस आलेखको अध्ययनले कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रम कम्युनिस्ट घोषणापत्र हो भन्ने ज्ञान प्राप्त हुन्छ। विश्व समाजवादी आन्दोलनमा मजदुर तथा सर्वहारावर्गले पनि त्यस समयमा आफ्नो राजनीतिक मुक्तिका निम्ति ठोस राजनीतिक कार्यक्रम नपाउँदा त्यस समयका काल्पनिक समाजवादी चिन्तकका अमूर्त समाजवादी चिन्तनमा अल्मलिन पुगेका थिए। जसका कारण मजदुर तथा सर्वहारावर्गको आन्दोलनले कुनै पनि गति लिन सकेको थिएन। यस आलेखमा यही कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्रको बारेमा अध्ययन गरिएको हुँदा यस आलेखको विशेष महत्व छ।

**शब्दकुञ्जी** : वैज्ञानिक समाजवाद, मजदुर तथा सर्वहारावर्ग, वुर्जुवा पुँजीवाद, समाजवादी क्रान्ति, राजनीतिक संघर्षको कार्यक्रम

**Cite:** Mainali, G. P. (2024). कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज : कम्युनिस्ट घोषणापत्र. *Intellectual Journal of Academic Research,* (*IJAR*), *2*(1), 101–110. https://doi.org/10.3126/ijar.v2i1.72812

## विषय परिचय

यस आलेखमा कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज : कम्युनिस्ट घोषणापत्रको बारेमा अध्ययन गरिएको छ । मार्क्स र एंगेल्सले सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र लेखि समाजवादी राजनीतिक, आर्थिक कार्यक्रम ल्याएपछि विश्व राजनीतिमा वैज्ञानिक समाजवादी चिन्तनको उद्भव भएको थियो (Barry, 2005: 17) । यस आलेखमा कम्युनिस्ट लिगको गठन र कम्युनिस्ट लिगले आधिकारिक रूपमा आफ्नो वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेजको रूपमा घोषणा गरेको कम्युनिस्ट घोषणापत्रको संक्षिप्त अध्ययन गरिएको छ । मार्क्स र एंगेल्सले सन् १८४८ मा वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज कम्युनिस्ट घोषणापत्र लेख्नु पूर्व विश्व समाजवादी आन्दोलन विभिन्न धारामा विभक्त थियो र विशेषतः काल्पनिक समाजवादी चिन्तन धारा अन्तर्गतको अमूर्त कार्यक्रममा आधारित भएर अगाडी बढिरहेको थियो । विश्व समाजवादी आन्दोलनले ठोस र मूर्त रूपको राजनीतिक कार्यक्रम पाएको थिएन र विश्व समाजवादी आन्दोलन यत्रतत्र विभिन्न धारामा विभक्त थियो । यसै क्रममा 'मार्क्स र एंगेल्स कम्युनिस्ट लिग' मा सहभागि भई मजदुर र सर्वहारावर्गको राजनीतिक पार्टी गठन गर्ने कार्यक्रम र उक्त पार्टीलाई मार्ग निर्देशन गर्ने मार्ग निर्देशक सिद्धान्त वैज्ञानिक समाजवादी चिन्तन दुबैको निर्माण गरी विश्व समाजवादी आन्दोलनलाई दर्शन, विचार र सङ्गठनले सुसज्जित गरी अगाडि बढाएका थिए र सही गति दिएका थिए (लास्की, २०७४ : ६–७५) । विश्व समाजवादी आन्दोलन विभिन्न धारामा विभक्त भएको अवस्थामा 'मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र' लेखि वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गरी सही दिशानिर्देश दिएका थिए । वैज्ञानिक समाजवादी चिन्तनको दार्शनिक आधार मार्क्सवाद हो । मार्क्सवादका तीन सङ्घटक तत्व दर्शनशास्त्र, अर्थशास्त्र र समाजशास्त्र छन् भने तीन सिद्धान्त द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त र सर्वहारावर्गको अधिनायकत्वको सिद्धान्त छ (Kolakowski, 2008 : 19 । यी तत्व र सिद्धान्तले मार्क्सवादी दर्शनलाई पूर्ण बनाएका छन् । जुन मार्क्सवादी दर्शन वैज्ञानिक समाजवादी चिन्तनको दार्शनिक पाटो हो ।

यस आलेखमा कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेजः कम्युनिस्ट घोषणापत्रको अध्ययन गर्दा संक्षिप्त रूपमा कम्युनिस्ट लिगको गठन कसरी भयो र कम्युनिस्ट घोषणापत्र कसरी लेखियो भन्ने बारेमा अध्ययन गरिएको छ । 'कम्युनिस्ट लिग' को गठन हुनुपूर्व सुरूमा सन् १८३६ मा 'न्याय समाज' को गठन गरिएको थियो । पछि यही 'न्याय समाज' लाई सन् १८४० मा जर्मन 'श्रमिकहरूको शिक्षा समाज' मा रूपान्तरित गरिएको थियो । पछि यो 'जर्मन श्रमिकहरूको शिक्षा समाज' पनि 'कम्युनिस्ट मजदुर शिक्षा लिग' मा रूपान्तरित भएको थियो । पछि यो 'कम्युनिस्ट मजदुर शिक्षा लिग' जनवरी १, १८४७ मा 'कम्युनिस्ट लिग' को नाममा रूपान्तरित र गठित भएको थियो (मार्क्स र एंगेल्स, मिति उल्लेख नभएको : ११९–१३२) । यस आलेखमा सुरूमा गठन भएको 'न्याय समाज' कसरी 'कम्युनिस्ट लिग' को नाममा रूपान्तरित र गठन भयो भनेर संक्षिप्त अध्ययन गरिएको छ। यही 'कम्युनिस्ट लिग' को दस्तावेज वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको रूपमा सन् १८४८ को 'कम्युनिस्ट घोषणापत्र' कसरी लेखियो भनेर पनि संक्षिप्त रूपमा अध्ययन गरिएको छ। सन् १८४८ को 'कम्युनिस्ट घोषणापत्र' तयार पार्न लिगले मार्क्स र एंगेल्सलाई जिम्मा दिएको थियो। यही जिम्मेवारी अनुरूप मार्क्स र एंगेल्सले ' कम्युनिस्ट घोषणापत्र' तयार पारेका थिए । जुन घोषणापत्र कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित समाजवादी राजनीतिक कार्यक्रमको दस्तावेज बन्न पुगेको थियो।

यस आलेखमा कम्युनिस्ट लिगको गठन र कम्युनिस्ट घोषणापत्रको बारे संक्षिप्त रूपमा अध्ययन गरिएको छ। मार्क्स र एंगेल्स आफुले गठन गरेको 'कम्युनिस्ट पत्राचार समिति' मार्फत विश्व समाजवादी आन्दोलनलाई वैज्ञानिक समाजवादी चिन्तन सम्प्रेषण गर्दै थिए। पछि 'कम्युनिस्ट मजदुर शिक्षा लिग' मा सहभागी भई उनीहरूले' कम्युनिस्ट लिग' को गठन गरेका थिए र 'कम्युनिस्ट घोषणापत्र' लेखेका थिए । यही सेरोफेरोलाई आधार बनाएर यस आलेखमा अध्ययन गरिएको छ । उनीहरूले सर्वहारावर्ग र मजदुर वर्गलाई एकत्रित गरेर विश्व समाजवादी आन्दोलनमा सर्वहारा तथा मजदुरवर्गको मुक्तिको लागि राजनीतिक

पार्टीको गठन गर्नुपर्ने र समाजवादी क्रान्ति गरी वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको तख्त पल्टाएर समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपर्ने अवधारणा ल्याउँदै संसारभरका मुक्तिकामि सर्वहारा तथा मजदुरहरूलाई एक हुन र समाजवादी क्रान्ति गर्न आव्हान गरेका थिए । उनीहरूले 'कम्युनिस्ट लिग' लाई अन्तराष्ट्रिय समाजवादी सङ्गठनमा रूपान्तरण गरेका थिए र 'कम्युनिस्ट घोषणापत्र' लाई विश्व समाजवादी आन्दोलनको मार्गनिर्देशक सिद्धान्तको दस्तावेजको रूपमा विकास गरेका थिए । विश्व समाजवादी आन्दोलनलाई नयाँ विचारधारात्मक धारा वैज्ञानिक समाजवादी चिन्तनमा एकतावद्ध गरेका थिए र मार्गदर्शन गरेका थिए (D'Amato, 2006 : 16 17)। मार्क्स र एंगेल्सले 'कम्युनिस्ट घोषापत्र' लेखी विश्व समाजवादी आन्दोलनलाई राजनीति कार्यक्रमको दस्तावेज तयार पारिदिएका थिए। जुन चिन्तन धारा विश्व राजनीतिमा एक निर्विकल्प चिन्तनधाराको रूपमा स्थापित भएको थियो र यस चिन्तन धाराले अविच्छिन्न यात्रा तय गरेको थियो र आज पनि आफ्नो यात्रा कायमै राखेको छ।

## समस्या कथन

विश्व राजनीतिमा कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्रका बारेमा व्यापक अध्ययन/अनुसन्धान गरिएपनि कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्ठानिक कार्यक्रमको दस्तावेज नै कम्युनिस्ट घोषणापत्र हो भनी अध्ययन/अनुसन्धान नभएको हुँदा यसै अध्ययन/अनुसन्धानको रिक्तताका आधारमा यस आलेखको अध्ययन गर्न निम्न अनुसन्धानात्मक प्रश्नको निर्माण गरिएको छ।

क) कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्र भनेको के हो ?

ख) कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठानिक कार्यक्रमको दस्तावेज कम्युनिस्ट घोषणापत्र कसरी भयो ?

## अध्ययनको उद्देश्य

यस आलेखको अध्ययनको उद्देश्य निम्न छन्।

क) कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्र भनेको के हो भनी अध्ययन गर्नु।

ख) कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक साङ्गठानिक कार्यक्रमको दस्तावेज कम्युनिस्ट घोषणापत्र कसरी भयो भनी अध्ययन गर्नु।

## अध्ययन विधि

यस आलेखको अध्ययन विधि आगनात्मक विधि (Inductive method) हो । यस आलेख ऐतिहासिक ढाँचा (Historical Research Design) र वर्णनात्मक ढाँचा (Descriptive Research Design) मा अध्ययन गरिएको छ । यस आलेखको अध्ययन व्याख्यावादमा आधारित भएर गरिएको छ। यस आलेखको अध्ययन गर्दा गुणात्मक विश्लेषण विधि (Qualitative Data Analysis) अपनाइएको छ। यस आलेखको अध्ययन गर्दा सहायक स्रोतका आधारमा सामाग्री जुटाइएको छ। उक्त सामाग्रीलाई विश्लेषण गर्न गुणात्मक विश्लेषण विधि अपनाईएको छ। यस आलेखको अध्ययन गर्ने क्रममा मार्क्सवादी पुस्तकहरू, विश्व समाजवादी आन्दोलन र क्रान्तिसम्बन्धी लेखिएका पुस्तकहरूलाई प्रमुख आधार मानि अध्ययन गरिएको छ।

## सैद्धान्तिक आधार

यस आलेखको दार्शनिक आधार मार्क्सवाद हो भने सैद्धान्तिक आधार वैज्ञानिक समाजवाद हो। यस आलेखको प्रमुख सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी चिन्तन हो । यसैलाई प्रमुख सैद्धान्तिक आधार मानि यस आलेखको अध्ययन गरिएको छ।

### अर्थ र परिभाषा

यस आलेखमा अध्ययन गरिएको 'कम्युनिस्ट लिग' र 'कम्युनिस्ट घोषणापत्र' भनेको विश्व समाजवादी आन्दोलनको समाजवादी सङ्गठन र वैज्ञानिक समाजवादी चिन्तनको राजनीतिक कार्यक्रम हो । मार्क्स र एंगेल्सले सन् १८३६ मा गठन गरिएको 'न्याय समाज' लाई १ जुन, १८४७ मा 'कम्युनिस्ट लिग' को रूपमा गठन गरेका थिए । यही 'कम्युनिस्ट लिग' को राजनीतिक तथा साङ्गठनिक कार्यक्रम तय गर्नको निम्ति र लिगलाई नयाँ राजनैतिक, वैचारिक, दार्शनिक र सैद्धान्तिक स्वरूप र संरचना दिन सन् १८४८ मा उनीहरूले 'कम्युनिस्ट घोषणापत्र' लेखेका

थिए। यस आलेखमा यही ‘कम्युनिस्ट लिग’ र ‘कम्युनिस्ट घोषणापत्र’ लाई संक्षिप्त रूपमा अध्ययन गरिएको छ। विश्व समाजवादी आन्दोलनलाई गति दिने काम र सही मार्ग निर्देशन गर्ने काम ‘कम्युनिस्ट लिग’ र कम्युनिस्ट घोषणापत्र ले गरेको थियो। तत्कालीन समयमा विश्व समाजवादी आन्दोलन अन्योलग्रस्त थियो। त्यस समयको विभिन्न प्रचलित विचारधाराले विश्व समाजवादी आन्दोलनलाई गति दिन सकेको थिएन र संसार नै कायापलट गर्न सक्ने क्षमता राख्ने मजदुरवर्ग र सर्वहारावर्गलाई राजनैतिक, वैचारिक र साङ्गठनिक ढंगबाट समेटेर विश्व समाजवादी आन्दोलन हाँक्न सकेको थिएन। यस्तो विषम परिस्थितिमा गुज्रिएको विश्व समाजवादी आन्दोलनलाई कम्युनिस्ट लिग को साङ्गठनिक नेतृत्व र कम्युनिस्ट घोषणापत्रको राजनीतिक संघर्षको कार्यक्रम दिएर उनीहरूले नयाँ गति प्रदान गरेका थिए (D'Amato, 2006 : 21)। उनीहरूले कम्युनिस्ट लिगका लागि घोषणापत्र लेखी विश्व समाजवादी आन्दोलनलाई राजनीतिक सङ्घर्षको ठोस कार्यक्रम दिएका थिए।

कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्रको वैचारिक तथा सैद्धान्तिक आधार वैत्रानिक समाजवादी चिन्तन हो। वैज्ञानिक समाजवादी चिन्तनको प्रमुख सिद्धान्त “हरेकले क्षमता अनुसारको काम र काम अनुसारको पारिश्रमिकता प्राप्त गर्नु हो” (Gilabert, 2015 : 197-225)। यस्तो महत्वपूर्ण सिद्धान्तका आधारमा वैज्ञानिक समाजवादी चिन्तनलाई स्पष्ट बुझ्न सकिन्छ। मार्क्स र एंगेल्सले वैज्ञानिक समाजवादी चिन्तनलाई बुझाउने क्रममा समाजवादलाई साम्यवादको निम्न चरण र साम्यवादलाई समाजवादको माथिल्लो चरण भनेका थिए (Roemer, 1986 : 31)। मार्क्स र एंगेल्सले राजनीतिक व्यवस्थाका रूपमा समाजवादलाई प्रस्ट पारेका थिए। समाजवादी राजनीतिक व्यवस्थाको स्थापना निजि स्वामित्वमा आधारित राजनीतिक व्यवस्थाको ठाउँमा गरिन्छ। जसलाई साम्यवादी राजनीतिक व्यवस्थाको स्थापना गर्नु अगाडि गरिन्छ (Cohen, 2000 : 224)। यसरी वैज्ञानिक समाजवादी चिन्तनलाई राजनीतिक व्यवस्थाका आधारमा बुझ्ने गरिन्छ। एउटा राजनीतिक व्यवस्थालाई अर्को राजनीतिक व्यवस्थाले विस्थापित गर्नु प्राकृतिक नियम हो (Ypi, 2018 : 157)। यसरी एउटा राजनीतिक व्यवस्थाले अर्को राजनीतिक व्यवस्थालाई विस्थापित गर्नु प्राकृतिक नियम हो भने झैँ पुँजीवादी राजनीतिक व्यवस्थालाई समाजवादी राजनीतिक व्यवस्थाले विस्थापित गर्छ भन्ने मान्यता वैज्ञानिक समाजवादी चिन्तनको थियो। समाजवादी राजनीतिक व्यवस्थाको संक्रमणको चरणमा राज्यसत्ताको अर्थव्यवस्था, सामाजिक व्यवस्था र राजनीतिक व्यवस्थामा समाजवादी मूल आधारको निर्माण हुन्छ (Arnold, 2017: 28)। यसरी हामीले वैज्ञानिक समाजवादी चिन्तनलाई वैचारिक, सैद्धान्तिक र राजनीतिक व्यवस्थाको अधारमा प्रस्ट बुझ्न सक्छौं। यसै वैज्ञानिक समाजवादी चिन्तनमा आधारित कम्युनिस्ट लिगको राजनीतिक साङ्गठानिक कार्यक्रमको दस्तावेजको रूपमा कम्युनिस्ट घाषणापत्रलाई अध्ययन गरिएको छ।

## छलफल

कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज : कम्युनिस्ट घोषणापत्र

कम्युनिस्ट लिगको राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज कम्युनिस्ट घोषणापत्र हो। यो कम्युनिस्ट घोषणापत्र वैज्ञानिक समाजवादी चिन्तनमा आधारित थियो। तत्कालिन समयको विश्व समाजवादी आन्दोलनलाई हाँक्ने काम र नयाँ गति दिने काम कम्युनिस्ट लिग र कम्युनिस्ट घोषणापत्र ले गरेको थियो। जसलाई यस आलेखमा क्रमशै : अध्ययन गरिएको छ।

### कम्युनिस्ट लिग

मार्क्स र एंगेल्स विश्व समाजवादी आन्दोलनमा सहभागी हुनु पूर्व विश्व समाजवादी आन्दोलन विभिन्न धारामा विकास भइरहेको थियो। मार्क्स र एंगेल्स कम्युनिस्ट लिगमा आवद्ध हुनुपूर्व र कम्युनिस्ट लिगको गठन हुनुपूर्व त्यस समयमा विभिन्न समाजवादी सङ्ठनहरूको निर्माण भएको थियो। कम्युनिस्ट लिगको गठनको ऐतिहासिक पृष्ठभूमीलाई र श्रृङ्खलालाई पनि पनि क्रमश: अध्ययन गर्न सकिन्छ।

### न्याय समाजको गठन

फ्रान्सको पेरिसमा बसोबास गर्दै आएका जर्मन सर्वहारा शरणार्थीहरूले सन् १८३६ मा न्याय समाज (Society the just) नामको गोप्य सङ्गठनको निर्माण गरेका थिए (Harnecker, 2015 : 150–151)। त्यस जर्मनका सर्वहारा शरणार्थीहरूको गोप्य सङ्गठन न्याय समाज थियो।

सङ्गठनको उद्देश्य अभाव र दासताबिहिन समाजको निर्माण गर्नु र जर्मनीलाई अपमान तथा उत्पीडनबाट मुक्ति दिलाउनु थियो (तामाङ, २०६९ : २७)। न्याय समाजको उद्देश्य दासताविहिन समाजको निर्माण गर्नु थियो। फ्रान्सकै सर्वहारा क्रान्तिकारीहरूले निर्माण गरेका ऋतु समाजसँग न्याय समाजको सम्बन्ध मैत्रीपूर्ण सङ्गठनात्मक सम्बन्ध थियो। ऋतु समाजका नेताहरूमा लुइस–अगस्ते ब्लाँकी, अर्मान्ड बार्बे र मार्टिन बर्नाड थिए। उनीहरूमध्ये लुइस–अगस्ते र ब्लाँकी (१८०५–१८८१) संघर्षद्वारा राज्यसत्ता कब्जा गरी सर्वहारावर्गको अधिनायकत्व स्थापना गर्नुपर्छ भन्ने पक्षका वैचारिक नेता थिए (तामाङ, २०६९ : २८)। फ्रान्सका सर्वहारा क्रान्तिकारीहरूको सङ्गठन ऋतु समाज र जर्मनका सर्वहारा शरणार्थीहरूको सङ्गठन न्याय समाजको मैत्रीपूर्ण सम्बन्ध थियो।

### जर्मन श्रमिकहरूको शिक्षा समाजको गठन

न्याय समाजका नेताहरू पेरिसमा भएको षडयन्त्रमा भाग लिएका थिए। उक्त षडयन्त्र असफल भएपछि न्याय समाजका नेताहरू भागेर ब्रिटेनमा पुगेका थिए। त्यहाँ पुगेपछि न्याय समाजका नेताहरूले आफ्नो गोप्य सङ्गठनको कामलाई निरन्तरता दिन खुल्ला सङ्गठनको निर्माण गरेका थिए। ती नेताहरूले सन् १८४० मा जर्मन श्रमिकहरूको शिक्षा समाज नामको खुल्ला सङ्गठनको निर्माण गरेका थिए (लास्की, २०७४ : ६–७)। पेरिसको न्याय समाजका नेताहरू ब्रिटेन पुगेपछि त्यहाँ उनीहरूले जर्मन श्रमिकहरूको शिक्षा समाज नामको खुल्ला साङ्ठनिक निर्माण गरी आफ्ना गतिविधि सञ्चालन गरेका थिए।

### कम्युनिस्ट मजदुर शिक्षा लिगको गठन

जर्मन श्रमिकहरूको शिक्षा समाजको गठन भएपछि यस सङ्गठनले अन्तर्राष्ट्रिय स्वरूप ग्रहण गर्न पुगेको थियो। यस सङ्गठनमा जर्मन, स्वीस, स्केडेभियन, डच, हंगेरियन, चेक, दक्षिणी स्लाव, रूसी र अल्सासी मजदुरहरू सङ्गठित भएका थिए। यी सबै मुलुकका मजदुरहरू सङ्गठित भएपछि उनीहरूले यस सङ्गठनको नयाँ नाम कम्युनिस्ट मजदुर शिक्षा लिग राखेका थिए (तामाङ, २०६९: २८)। विभिन्न मुलुकका मजदुरहरू जर्मन श्रमिकहरूको शिक्षा समाजमा सङ्गठित भए पछि सङ्ठनको नाम फेरेर कम्युनिस्ट मजदुर शिक्षा लिग राखेका थिए। यस सङ्गठनको कार्डमा नै 'सबै मानिस दाजुभाइ हुन्' भनी लेखिएको थियो। यस सङ्गठनमा सन् १८४३ देखि नै एंगेल्स जोडिएका थिए भने मार्क्स सन् १८४५ पछि मात्रै जोडिएका थिए (Molyneux, 2008 : 24)। यस सङ्गठनको नारा सबै मानिस दाजुभाइ हुन्भन्ने थियो। पछि यस सङ्गठनमा मार्क्स र एंगेल्सल दुवै सङ्गठित हुन पुगेका थिए।

### कम्युनिस्ट पत्राचार समितिको गठन

मार्क्स र एंगेल्सले तीन वटा काम पहिलो, वैज्ञानिक समाजवादी चिन्तनको रचना र प्रतिपादन, दोस्रो, सर्वहारावर्गको स्वतन्त्र र वर्गगत पार्टीको निर्माण र तेस्रो, सबै खालका काल्पनिक समाजवादी चिन्तनको आलोचना गर्ने काम गरेका थिए (सबीरोव, १९८८ : १५५)। मार्क्स र एंगेल्सले काल्पनिक समाजवादी चिन्तनको आलोचना गर्दै वैज्ञानिक समाजवादी चिन्तनको प्रतिपादन गर्ने क्रममा सर्वहारावर्गको पार्टी निर्माणको आवश्यकता औंल्याएका थिए। उनीहरूले आफ्ना यस्ता काम गर्नका लागि कम्युनिस्ट पत्राचार समिति गठन गरेका थिए। मार्क्स पेरिसबाट निर्वासित भई ब्रसेल्स पुगेपछि उनले एंगेल्ससँग मिली यस कम्युनिस्ट पत्राचार समितिको निर्माण गरेका थिए (सबीरोव, १९८८ : १५५)। मार्क्स र एंगेल्सले कम्युनिस्ट पत्राचार समिति गठन गरी वैज्ञानिक समाजवादी चिन्तनको प्रचार प्रसार गर्दै विश्व समाजवादी आन्दोलनलाई ठोस तथा मूर्त राजनीतिक सङ्घर्षको कार्यक्रम दिएका थिए। उनीहरूले यस समिति मार्फत् युरोपभर समाजवादीहरूसँगको सबन्ध जोडेका थिए, वैज्ञानिक समाजवादी चिन्तनसम्बन्धी अध्ययन सामग्री विनिमय तथा आदानप्रदान गर्दथे, त्यस समयमा विश्व समाजवादी आन्दोलनमा प्रचलित अन्य विविध धारा अन्तर्गतको समाजवादी चिन्तनको आलोचना गर्दथे र विश्व समाजवादी आन्दोलनमा वैज्ञानिक समाजवादी चिन्तनको सम्प्रेषण गरी विश्वका समाजवादी नेताहरूलाई प्रभावित तुल्याउँथे (तामाङ, २०६९ : २७)। मार्क्स र एंगेल्सले कम्युनिस्ट पत्राचार समिति गठन गरी यस मार्फत् विश्व समाजवादी आन्दोलनलाई वैज्ञानिक समाजवादी चिन्तनबाट लैस गर्दै ठोस राजनीतिक सङ्घर्षको कार्यक्रमबाट दिशानिर्देशन गर्ने काम गरेका थिए।

### कम्युनिस्ट मजदुर शिक्षा लिगमा मार्क्स र एंगेल्स आवद्ध

उनीहरूको वैज्ञानिक समाजवादी चिन्तनबाट प्रभावित भएर कम्युनिस्ट मजदुर शिक्षा लिगले आफ्नो सङ्गठनात्मक राजनीतिक, वैचारिक, सङ्गठनात्मक

कार्यक्रम तथा आन्दोलनका लागि संघर्षको कार्यक्रम तय गर्ने निर्णय गर्दै उनीहरू दुबैलाई लिगमा आवद्धता गराउने तथा लिगको सदस्य बनाउने निर्णय गरेको थियो (तामाङ, २०६९ : २९) । मार्क्स र एंगेल्सले विश्व समाजवादी आन्दोलनलाई वैज्ञानिक समाजवादी चिनतनले लैस गरी सही दिशानिर्देश गर्न थालेपछि कम्युनिस्ट मजदुर शिक्षा लिगले आफ्नो सङ्गठनको सदस्य दिने र आफ्नो सङ्गठनमा सङ्गठन गराउने कार्य गरेको थियो। सन्१८४७ मा जोसेफ मोललाई उनीहरूलाई लिगमा सामेल गराउनका लागि बोलाउन ब्रसेल्स र पेरिस पठाउने निर्णय लिगले गरेको थियो । लिगले सङ्गठनात्मक स्वरूप बदल्नुपर्ने र आफ्नो षडयन्त्रकारी गतिविधि त्याग्नु पर्ने सर्त उनीहरूले लिगसमक्ष राखेका थिए । उनीहरूको उक्त सर्त लिगले मञ्जुर गरेको थियो । उनीहरूलाई वैज्ञानिक समाजवादी चिन्तन र वैज्ञानिक राजनीतिक संघर्षको कार्यक्रमबाट लिगलाई सर्वहारा तथा मजदुर वर्गको सङ्गठनमा बदल्न सकिन्छ भन्ने विश्वास भएपछि मात्रै सन् १८४७ को वसन्तमा उनीहरू लिगमा आवद्ध भएका थिए (तामाङ, २०६९ : २९) । मार्क्स र एंगेल्सलाई कम्युनिस्ट मजदुर शिक्षा लिगले आफ्नो सङ्गठनमा सङ्गठित गराउने निर्णय गरेपछि मार्क्स र एंगेल्सले पनि सङ्गठनले षडयन्त्रकारी गतिविधि त्याग्नुपर्ने, सर्वहारावर्गको सङ्गठनको रूपमा सङ्गठनलाई बदल्नु पर्ने र वैज्ञानिक समाजवादी चिन्तन र कार्यक्रमबाट सङ्गठनलाई चलाउनु पर्ने जस्ता शर्त राखेपछि उक्त शर्त सङ्गठनले स्वीकारेपछि मार्क्स र एंगेल्स दुबै यस सङ्गठनमा सङ्गठित भएका थिए।

## कम्युनिस्ट लिगको गठन

जुन १, १८४७ मा लिगको प्रथम अधिवेशन लन्डनमा सम्पन्न भएको थियो। मार्क्स विविध कारणबस यस अधिवेशनमा सहभागी हुन सकेका थिएनन् । त्यस अधिवेशनमा ब्रसेल्सको प्रतिनिधित्व भोल्पले गरेका थिए भने पेरिसको प्रतिनिधित्व एंगेल्सले गरेका थिए । एंगेल्सको पहल कदमीमा लिगलाइ पुनर्गठन गर्दै लिगको नाम कम्युनिस्ट लिग राखिएको थियो र विश्व समाजवादी आन्दोलनमा अन्तर्राष्ट्रिय समाजवादी सङ्गठनको रूपमा कम्युनिस्ट लिगको गठन भएको थियो (मार्क्स र एंगेल्स, मिति उल्लेख नभएको : १३१) । यस महाधिवेशनबाट कम्युनिस्ट मजदुर शिक्षा लिगको नाम कम्युनिस्ट लिग राखिएको थियो । जुन विश्व समाजवादी आन्दोलनको अन्तर्राष्ट्रिय सङ्गठन बन्न पुगेको थियो । त्यसपछि विश्व समाजवादी आन्दोलनको नेतृत्व कम्युनिस्ट लिगले गरेको थियो। कम्युनिस्ट लिगको लक्ष्य वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको अन्त्य गर्दै सर्वहारावर्गको नयाँ समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्ने र उक्त सामाजिक व्यवस्थामा निजी स्वामित्वको अन्त्य गर्ने तथा वर्गविहिन सामाजिक व्यवस्थाको स्थापना गर्ने भन्ने थियो (Hallas,Trotsky & Gluckstein, 1970 : 48 50) । कम्युनिस्ट लिगको लक्ष्य बुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको अन्त्य गरी निजी स्वामित्व विहिन, वर्गविहिन नयाँ समाजवादी सामाजिक व्यवस्थाको निर्माण गर्ने थियो।

### कम्युनिस्ट लिगको वैचारिक तथा सैद्धान्तिक वैचारिक समाजवादी चिन्तन

२९ नोभेम्बर, १८४ ७ मा कम्युनिस्ट लिगको दोस्रो अधिवेशन लन्डनमा सम्पन्न भएको थियो । यस अधिवेशनमा जर्मनी, स्वीट्जरल्याण्ड, फ्रान्स, बेल्जियम, इंगल्याण्ड, पोल्याण्ड लगायतका मुलुकका प्रतिनिधिहरूले भाग लिएका थिए (सबीरोव, १९८८ : १५६) । यस अधिवेशनमा विश्वका विभिन्न मुलुकका सर्वहारा तथा मजदुर सङ्गठनका प्रतिनिधिले भाग लिएका थिए । यो अधिवेशन साँच्चिकै सर्वहारावर्ग, मजदुर वर्ग र वैज्ञानिक समाजवादी चिन्तनको पक्षधरको अधिवेशन थियो । यस अधिवेशनले मार्क्स र एंगेल्सले प्रतिपादन गरेका वैज्ञानिक समाजवादी चिन्तनलाई आफ्नो वैचारिक र सैद्धान्तिक रूपमा ग्रहण गरेको थियो (सबीरोव, १९८८ : १५६)। यस अधिवेशनले कम्युनिस्ट लिगको वैचारिक तथा सैद्धान्तिक आधार वैज्ञानिक समाजवादी चिन्तन हो भनि किटान गरेको थियो।

### कम्युनिस्ट घोषणापत्र लेख्ने जिम्मेवारी मार्क्स र एंगेल्सलाई

यस अधिवेशनले कम्युनिस्ट लिगको राजनीतिक, सांगठानिक नीति तथा कार्यक्रम र समाजवादी कार्यक्रमको रूपमा कम्युनिस्ट घोषणापत्र तयार र निर्माण गर्न मार्क्स र एंगेल्सलाई जिम्मेवारी दिएको थियो (मार्क्स र एंगेल्स, मिति उल्लेख नभएको : १३१) । यस अधिवेशनले कम्युनिस्ट लिगको घोषणापत्र लेख्न मार्क्स र एंगेल्सलाई जिम्मेवारी दिएको थियो । उनीहरूले पनि डिसेम्बर, १९४७ देखि

जनवरी, १८४८ सम्ममा मात्रै दुई महिनामा कम्युनिस्ट घोषणापत्र लेखि फरवरी, १८४८ मा प्रकाशित गरेका थिए । यो कम्युनिस्ट घोषणापत्र कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा सांगठानिक कार्यक्रमको दस्तावेज थियो। मार्क्स र एंगेल्सले प्रतिपादन गरेका वैज्ञानिक समाजवादी चिन्तनलाई आफ्नो वैचारिक, सैद्धान्तिक, राजनीतिक तथा साङ्गठनिक कार्यक्रम बनाउने कम्युनिस्ट लिग पहिलो सर्वहारा तथा मजदुरवर्गको अन्तर र्ाष्ट्रिय सङ्गठन थियो। वैज्ञानिक समाजवादी चिन्तनलाई सर्वहारा तथा मजदुरवर्गको राजनीतिक पार्टीको निर्माण गर्ने व्यवहारिक काम मार्क्स र एंगेल्सले गरेका थिए (सबीरोव, १९८८ : १५६) । मार्क्स र एंगेल्सले मात्र दुई महिनामा कम्युनिस्ट लिगको घोषणापत्र कम्युनिस्ट घोषणापत्र लेखि वैज्ञानिक समाजवादी चिन्तनको विधिवत रूपमा प्रतिपादन गर्न पुगेका थिए । जसलाई कम्युनिस्ट लिग ले विधिवत रूपमा आफ्नो वैचारिक, सैद्धान्तिक साङ्गठनिक र राजनीतिक कार्यक्रमको रूपमा स्वीकार गरेको थियो।

## मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेख्दाको समयमा युरोपमा क्रान्तिको लहर

सन् १८४८ मा मार्क्स र एंगेल्सले कम्युनिस्ट घोषणापत्र लेखिरहँदा युरोपभरि सन् १८४८ को क्रान्ति चलिरहेको थियो । उनीहरूले कहिल्यै एउटै मुलुकलाई मात्रै केन्द्रित गरेर समाजवादी आन्दोलन सञ्चालन नगरी विश्वभरका मुलुकहरूलाई केन्द्रित गरेका थिए (खतिवडा, २०७४ : १८–१९)। मार्क्स र एंगेल्सले आफूलाई कुनै एक मुलुकमा केन्द्रित नगरी विश्व समाजवादी आन्दोलनमा केन्द्रित गरेका थिए । सन् १८४८ को क्रान्ति वैज्ञानिक समाजवादी चिन्तनको प्रभावको कारण भएको थियो । युरोपको ५० मुलुकमा फैलिएको यो राज्य क्रान्तिको स्वरूप एउटै थिएन। तर, गुण भने साझा थियो। यो राज्यक्रान्तिले राजनीतिक प्रणालीको सुधार हुनुपर्ने, वालिग मताधिकार तथा महिला मताधिकारको सुनिश्चित हुनुपर्ने, सङ्गठन, प्रेस र अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित हुनुपर्ने जस्ता मुख्य माग राखेको थियो (खतिवडा, २०७४ : १९) । मार्क्स र एंगेल्सले कम्युनिस्ट लिगका लागि तयार पारेका कम्युनिस्ट घोषणापत्रका उनीहरूले प्रतिपादन गरेका वैज्ञानिक समाजवादी चिन्तनका प्रभावका कारण युरोपभरि तथा विश्व भरि नै क्रान्तिको लहर चलेको थियो। सन् १८४८ को क्रान्ति युरोपभर फैलिएको देखेर मार्क्सले युरोपभर नयाँ समाजवादी व्यवस्थाको स्थापना हुन्छ भनी घोषणा गरेका थिए। तर, उनले घोषणा गरेको पुगेको थिएन। सन् १८४८ को क्रान्ति बिस्तारै–बिस्तारै युरोपभर सिथिल हुँदै गएको थियो। यस क्रान्तिले जोड पक्रन सकेको थिएन। जसको फलस्वरूप सन् १८५२ मा नै कम्युनिस्ट लिग विधिवत रूपमा विघटन हुन पुगेको थियो (खतिवडा, २०७४ : १९)। मार्क्स र एंगेल्सले लेखेका कम्युनिस्ट घोषणापत्र र प्रतिपादन गरेका वैज्ञानिक समाजवादी चिन्तनको प्रभावका कारण युरोप तथा विश्वभर नै क्रान्तिको लहर चले पनि यसले समाजवादी क्रान्ति सम्पन्न गरी विश्व भरिनै समाजवादी शासन व्यवस्थाको स्थापना भने गर्न सकेको थिएन। तर, यसले विश्वभरि नै समाजवादी आन्दोलन र क्रान्तिलाई गति र दिशानिर्देश चाहिँ दिएको थियो।

## कम्युनिस्ट घोषणापत्र

सन् १८४८ मा काल्पनिक समाजवादी चिन्तकहरूको सबै मानिस दाजुभाइ हुन भन्ने नाराको ठाउँमा विश्वका मजदुर एक होऊ भन्ने वैज्ञानिक नारालाई स्थापित र आव्हान गर्दै कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको थियो। विश्व राजनीतिमा र समाजवादी आन्दोलनमा वैज्ञानिक समाजवादी चिन्तनलाई स्थापित गर्नु कम्युनिस्ट घोषणापत्र प्रकाशन गर्नुको मुख्य उद्देश्य र ध्येय थियो (तामाङ, २०६९ : ३७) । कम्युनिस्ट घोषणापत्रको मुख्य लक्ष्य विश्व समाजवादी आन्दोलनलाई वैज्ञानिक समाजवादी चिन्तनले लैस गर्ने थियो। द्वन्द्वात्मक ऐतिहासक भौतिकविादी दृष्टिकोणमा आधारित भएर कम्युनिस्ट घोषणापत्र लेखिएको थियो । हरेक सामाजिक व्यवस्थाको राजनीतिक तथा वैचारिक विकास त्यस सामाजिक व्यवस्थाको उत्पादन, वितरण र विनिमय पद्धतिमा आधारित हुन्छ भन्ने मान्यता कम्युनिस्ट घोषणापत्रको थियो (Hallas, Trotsky & Gluckstein, 1970 : 104) । कम्युनिस्ट घोषणापत्रको मान्यता हरेक सामाजिक व्यवस्थाको राजनीतिक विकास त्यस सामाजिक व्यवस्थाको उत्पादनका साधनमा वितरणका प्रणालीमा आधारित हुन्छ भन्ने थियो।

## कम्युनिस्ट घोषणापत्रको अन्तर्वस्तु

कम्युनिस्ट घोषणापत्रको सम्पूर्ण अन्तर्वस्तु सामाजिक विकासको वैज्ञानिक तथा भौतिकवादी दृष्टिकोणबाट ओतप्रोत छ । यस घोषणापत्रमा सामाजिक इतिहासलाई वर्ग संघर्षको इतिहासको रूपमा र पूँजीवादी समाजलाई

वुर्जुवा वर्ग तथा सर्वहारावर्गको संघर्षको रूपमा प्रस्तुत गरिएको छ (सबीरोव, १९८८ : १५७–१५८)। कम्युनिस्ट घोषणापत्रको अन्तर्वस्तु द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणमा आधारित छ। घोषणापत्रमा वुर्जुवा पूँजीवादी वर्गको भूमिकालाई ऐतिहासिक ज्वलन्त रूपमा उजागर गरिएको छ। प्रारम्भमा यो वुर्जुवा वर्ग क्रान्तिकारी वर्गको रूपमा प्रकट भएको थियो । सामन्तवादी सामाजिक व्यवस्थालाई, भूदासप्रथालाई, श्रेणीगत विशेषाधिकार हरूलाई, सामन्ती विखण्डनहरूलाई समाप्त पार्नको निम्ति वुर्जुवा पुँजीवादी वर्गले महत्वपूर्ण क्रान्तिकारी प्रगतिशिल संघर्ष गरेका थिए। यसका साथसाथै वुर्जुवा पुँजीवादी वर्गको भूमिका अन्तरविरोधपूर्ण पनि थियो। सामन्तवादी सामाजिक व्यवस्थाभित्रको भू–दास प्रथालाई समाप्त पारेपछि बुर्जुवा पुँजीवादी वर्गले वाणिज्यिक स्वार्थहरू, निर्मम मुनाफाबाहेक मानिसहरूको बिचमा अरु कुनै पनि सबन्धहरू कायम रहन दिएका थिएनन् (सबीरोव, १९८८ः १५८)। घोषणापत्रमा वुर्जुवा पुँजीवादी वर्गको भूमिकालाई प्रष्ट पार्ने क्रममा कुनै समय अर्थात सामन्तवादी सामाजिक व्यवस्थालाई समाप्त पार्नका निम्ति क्रान्तिकारी भूमिका खेलेको वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्था पछि गएर पुँजीवादी सामाजिक व्यवस्था वाणिज्य स्वार्थमा र निर्मम मुनाफामा भुलिन पुगेको छ भनी उल्लेख गरिएको छ।

वुर्जुवा पुँजीवादी वर्गले मानिसको वैयक्तिक मूल्यलाइ विनिमय मूल्य बनाइदिएको थियो र पहिला अनगिन्ती प्रदत्त गरिएको मानवीय स्वतन्त्रतालाई वुर्जुवा पुँजीवादी वर्गले मुफ्त व्यापारमा परिणत गरिदिएको थियो। वुर्जुवा पुँजीवादी वर्गले विभिन्न जातीहरूको विभिन्न सिप र कला उपलब्धीलाई आम मानिसलाई उपलब्ध गराएको थियो। यो सँगसँगै वुर्जुवा पुँजीवादी वर्गले डाक्टर, वकिल, कवि र वैज्ञानिकहरूलाई मजदुरको रूपमा समेत बदलिदिएको थियो । वुर्जुवा पुँजीवादी वर्गले उद्योग, उत्पादन र विनिमयलाई शक्तिशाली साधनको रूपमा विकास गरिदिएको थियो। उत्पादक शक्तिलाई विशाल शक्तिको रूपमा स्थापित गरेको थियो। तर, वुर्जुवा पुँजीवादी वर्गको स्वामित्वभित्र पनि बिस्तारै बिस्तारै अन्तरविरोधहरूले जन्म लिइसकेको थियो। वुर्जुवा पुँजीवादीवर्गको स्वामित्व सम्बन्धहरूसँग उत्पादक शक्तिहरूको टकरावले वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थामा अन्तरविरोधहरूले आधार भूत संरचनात्मक रूपमा जनाइसकेको थियो (सबीरोव, १९८८ : १५८–१५९)। सामन्तवादी सामाजिक व्यवस्थाको अन्त्य गर्न क्रान्तिकारी भूमिका खेलेको वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थामा पनि अन्तरविरोधको सिर्जना हुन पुगेको थियो र उत्पादनका साधन र शक्तिमा पनि द्वन्द्व सिर्जना हुन पुगेको थियो । जसले गर्दा यसका मतभेद, विवाद र समस्याहरू पनि छताछुल्ल रूपमा बाहिर आउन संरचनात्मक रूपमै देखिन थालेका थिए।

## कम्युनिस्ट घोषणापत्रमा इतिहासको दार्शनिक व्याख्या र सर्वहारावर्गको राजनीतिक संघर्षको कार्यक्रम

कम्युनिस्ट घोषणापत्र इतिहासको दार्शनिक व्याख्या, समाजवादी सिद्धान्तको आलोचनात्मक प्रतिपादन र क्रान्तिका निमित्त अमोद उद्‌बोधन हो (लास्की, २०७४: १९)। कम्युनिस्ट घोषणापत्रले इतिहासको दर्शनशास्त्रीय पाटोबाट व्याख्या गर्दै समाजवादी सिद्धान्तका विविध धाराको आलोचना गरेको थियो । कम्युनिस्ट घोषणापत्रमा मार्क्स र एंगेल्सले वुर्जुवा पुँजीवादी वर्गको विरूद्धमा मजदुर तथा सर्वहारावर्गको संघर्षको आवश्यकतालाई अभिपुष्टि गरेका थिए । मार्क्स र एंगेल्सले कम्युनिस्ट पार्टीको नेतृत्वकारी भूमिकाले साँच्चिकै मजदुर तथा सर्वहारा वर्गको संघर्षले सफलता हासिल गर्दछ भनी घोषणापत्रमा उल्लेख गरेका थिए । उनीहरूले यस घोषणपत्रमा कम्युनिस्टहरूको श्रेष्ठतालाई अन्य समस्त सर्वहारावर्गको तुलनामा सर्वहारा वर्गको आन्दोलनलाई अगाडि बढाउने, मार्गनिर्देशन गर्ने र अन्तिम नतिजालाई स्पष्ट दृष्टिकोणले देख्ने मामिलाका हिसाबले उल्लेख गरेका थिए (सबीरोव, १९८८ : १५८–१५९)। उनीहरूले वैज्ञानिक समाजवादी चिन्तनमा आधारित समाजवादी शासन व्यवस्थाको स्थापना गर्न सर्वहारा मजदुरवर्गले राजनीतिक संघर्ष र क्रान्ति गर्न आवश्यक छ भनी घोषणापत्रमा किटान गरेका थिए। उनीहरूले सर्वहारावर्गको संघर्ष वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको स्थानमा वैज्ञानिक समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नु मात्रै नभई अपितु सामान्य वर्गहरूको अस्तित्व र उनीहरूको प्रभुत्व मेटाउनु पनि हो भनी घोषणापत्रमा लेखेका थिए (D'Amato, 2006: 11–12)। उनीहरूले सर्वहारा तथा मजदुरवर्गले समाजवादी क्रान्ति गरी वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको अन्त्य गरी समाजवादी सामाजिक व्यवस्थाको स्थापना गरेपछि अरु सामान्य वर्गको अन्त्य हुने कुरा घोषणापत्रमा लेखेका थिए।

### कम्युनिस्ट घोषणापत्रमा वैज्ञानिक समाजवादी चिन्तन र वैज्ञानिक समाजवादी राजनीतिक व्यवस्था

मार्क्स र एंगेल्सले घोषणापत्रमा क्रान्तिकारी पुनर्गठनको उच्चतम मानवीय सिद्धान्त र ध्येयलाई निरूपित गर्दै वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थाको ठाउँमा व्यष्टिको स्वतन्त्र प्रगति समष्टिको स्वतन्त्र प्रगतिको शर्त राख्ने वैज्ञानिक समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्नुपर्दछ भनि लेखेका थिए (सबीरोव, १९८८ : १५८-१५९)। उनीहरूले घोषणापत्रमा वुर्जुवा पुँजीवादी व्यवस्था भन्दा वैज्ञानिक समाजवादी चिन्तनमा आधारित समाजवादी व्यवस्था नै उत्तम हो भनेका थिए। घोषणापत्रमा काल्पनिक समाजवादी चिन्तन र तत्कालिन समयमा प्रचलित रहेको विभिन्न समाजवादी चिन्तन धाराको आलोचना गरिएको छ, जुन समाजवादी चिन्तन धाराले विभिन्न वर्गहरूको हित र संरक्षण गर्दथ्यो (Molyneux, 2008 : 26)। उनीहरूले तत्कालिन समयको विश्व समाजवादी आन्दोलनमा देखा परेका विविध समाजवादी चिन्तन धाराको आलोचना गर्दै सबैभन्दा उत्तम र उत्कृष्ट समाजवादी चिन्तन वैज्ञानिक समाजवादी चिन्तन हो भनी घोषणापत्रमा किटान गरेका थिए।

### संसारका मजदुर एक होऊ

घोषणापत्रमा कम्युनिस्टहरू आफ्नो विचार र उद्देश्यहरू लुकाउँदैनन् र हाकाहाकि घोषणा गर्न सक्दछन् भनी लेखिएको छ। विद्यमान वुर्जुवा पुँजीवादी सामाजिक व्यवस्थालाई समाप्त पारेर वैज्ञानिक समाजवादी सामाजिक व्यवस्थाको स्थापना गर्न सक्दछन्, वुर्जुवा पुँजीवादी शासक वर्गहरू क्रान्तिकारी कम्युनिस्टहरूको डरले काँपुन, मजदुर तथा सर्वहारावर्गलाई गुमाउनका लागि सिक्रिबाहेक केही छैन तर, जित्नका लागि संसार छ भन्दै संसारका मजदुर एक होऊ भनी लेखिएको छ (सबीरोव, १९८८ : १५८-१५९)। उनीहरूले घोषणापत्रमा कम्युनिस्ट क्रान्तिकारी हुन्छन्। समाजवादी क्रान्ति गर्दै समाजवादी शासन व्यवस्थाको स्थापना गर्न सक्छन्। सर्वहारा तथा मजदुरवर्गले गुमाउनु पर्ने छैन तर, जित्दा संसार जित्न सक्छन् भनी समाजवादी क्रान्तिका निम्ति सर्वहारा तथा मजदुर वर्गलाई आह्वान गर्दै उद्धेलित गरेका थिए। कम्युनिस्ट घोषणापत्र कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा सांगठानिक कायक्रमको दस्तावेज हो।

## निष्कर्ष

सन् १८३६ मा न्याय समाजको स्थापना भएपछि यस समाज नै सन् १८४० मा जर्मन श्रमिकहरूको शिक्षा समाजमा रूपान्तरित भएको थियो। पछि जर्मन श्रमिकहरूको शिक्षा समाज नै कम्युनिस्ट मजदुर शिक्षा लिगमा रूपान्तरित भएको थियो। सन् १८४७ मा कम्युनिस्ट मजदुर शिक्षा समाजलाई कम्युनिस्ट लिगको रूपमा गठन गरिएको थियो। यस कम्युनिस्ट लिगमा मार्क्स र एंगेल्सलाई पनि आवद्ध गराएर उनीरूलाई कम्युनिस्ट घोषणापत्र लेख्ने जिम्मेवारी दिइएको थियो। मार्क्स र एंगेल्सले पनि डिसेम्बर, १८४७ देखि जनवरी, १८४८ सम्म दुई महिनामा कम्युनिस्ट घोषणापत्र लेखेका थिए। फरवरी, १८४८ मा प्रकाशित गरिएको कम्युनिस्ट घोषणापत्र कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज हो। यस आलेखको अध्ययनले कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेज कम्युनिस्ट घोषणापत्र हो भन्ने बुझिन्छ।

कम्युनिस्ट लिगको वैज्ञानिक समाजवादी चिन्तनमा आधारित राजनीतिक तथा साङ्गठनिक कार्यक्रमको दस्तावेजको रूपमा रहेको कम्युनिस्ट घोषणापत्र पछि सन् १८५३ मा कम्युनिस्ट लिग विघटन भएपछि पनि विश्व समाजवादी आन्दोलनको दस्तावेजको रूपमा रहेको थियो। विश्व समाजवादी आन्दोलनले वैज्ञानिक समाजवादी चिन्तन ग्रहण गरेपछि यस कम्युनिस्ट घोषणापत्र विश्व समाजवादी आन्दोलनको महत्वपूर्ण दस्तावेजको रूपमा रहेको थियो। आज पनि संसारभरि नै कम्युनिस्ट पार्टीहरूको महत्वपूर्ण दस्तावेजको रूपमा कम्युनिस्ट घोषणापत्र रहेको छ। कम्युनिस्ट घोषणापत्र विश्व समाजवादी आन्दोलनको महत्वपूर्ण दस्तावेज हो भन्ने ज्ञान प्राप्ति यस आलेखको अध्ययनले दिन्छ।

## सन्दर्भ सामग्रीहरू


खतिवडा, डम्बर, २०७४), समाजवादको यात्रा : युटोपियादेखि चौथो आयामसम्म, काठमाडौं : साङ्ग्रिला पुस्तक प्रा. लि.।

तामाङ, सीताराम, २०६९), विश्व कम्युनिस्ट आन्दोलन, काठमाडौं : मूल्याङ्कन प्रकाशन गृह।

मार्क्स, एंगेल्स, मिति उल्लेख नभएको), कार्ल मार्क्स, फ्रेडरिक एंगेल्स : संकलित रचनाएं भाग–३), हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन।

लास्की, हेराल्ड जे., २०७४), (अनुवादक : सि.के. प्रसाई) नेपाली संस्करण तेस्रो), काठमाडौंः स्वदेश प्रकाशन प्रा. लि.।

सबीरोव, ह., १९८८), अनुवादक : सुरेन्द्र कुमार), सम्पादक मण्डल : फ. व. वोल्कोव प्रधान), ये. फ. गूब्स्की, व.व. क्रापीविन, व.द. जोतोव, यू.न. पोपोव, फ.म. बुर्लात्स्की, फ.न. यूर्लोव, व.व. सोबोलेव), सामाजिक और राजनीतिक ज्ञान कम्युनिज्म क्या है ?, हिन्दी संस्करण), मास्को : प्रगति प्रकाशन।

Arnold, S. (2017). Capitalism, class conflict, and domination. *Socialism and Democracy*, *31*(1), 106–124.

Barry, B. (2005). *Why social justice matters*. Cambridge: Polity.

Cohen, G. A. (2000). *Karl Marx's theory of history: A defense*. Princeton: Princeton University Press.

D'Amato, P. (2006). *The meaning of Marxism*. Chicago : Haymarket Books.

Gilabert, P. (2015). *The socialist principle "from each according to their abilities, to each according to their needs. Journal of Social Philosophy, 46*(2), pp. 197–225.

Hallas, D., Trotsky, L., & Glukstein, Y. (1970). *Party and class: The international socialist tradition*. Chicago: Haymarket Books.

Kołakowski, L. (2008). *Main currents of Marxism*. London: W. W. Norton & Company.

Molyneux, J. (2008). *Marxism and the party*. Chicago : Haymaret Books.

Roemer, J. E. (Ed.). (1986). *Analytical Marxism*. Cambridge: Cambridge University Press.

Ypi, L. (2018). The politics of reticent socialism. *Catalyst*, *2*(3), 156–175.